नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## प्रधानमन्त्री डा. भट्टराईद्वारा ग्लोवल आइएमई बैंकको समुद्घाटन

सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टराईले ग्लोवल आइएमई बैंक लिमिटेडको आज काठमाडौंमा एक समारोहका बीच समुद्घाटन गर्नु भयो । ग्लोवल बैंक लि.मा आइएमई फाइनान्सियल इन्स्टिच्युट लि. तथा लर्ड बुद्ध फाइनान्स लि. गाभिएर ग्लोवल आइएमई बैंक लिमिटेड भएको हो । सो अवसरमा प्रमुख अतिथिको आसनबाट शुभ कामना मन्तव्य व्यक्त गर्दै प्रधानमन्त्री डा. भट्टराईले मुलुक अहिले परम्परागत कृषि अर्थतन्त्रबाट नयाँ औद्योगिक अर्थतन्त्रमा जान संक्रमणकालीन अवस्थामा रहेको छ । यस्तो समयमा पूँजीको आवश्यकता पूरा गर्न, वित्तीय स्थायित्व कायम गर्न तथा उद्योगको विकास गर्न हाम्रो वस्तुस्थिति अनुसार बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने सम्बन्धी सरकार र नेपाल राष्ट्र बैंकले लिएको नीति अनुरुप अहिलेसम्मको सबभन्दा ठूलो मर्जरको रुपमा ग्लोवल आइएमई बैंक लि.को कार्य सुभारम्भ भएको धारणा राख्नु भयो । आर्थिक विकास र समृद्धि विना शान्ति र लोकतन्त्र  स्थायी हुदैन र निजी क्षेत्रको अग्रसरता बिना विकास हुदैन भन्नु हुदै प्रधानमन्त्री डा. भट्टराईले लगानीलाई आकर्षित गरी पूर्वाधारको विकास मार्फत अर्थतन्त्रको विकास गर्न सरकार निजी क्षेत्रसंग सहकार्य गर्दै अघि बढ्न चाहन्छ भन्नु भयो । यसैबीच प्रधानमन्त्री डा. भट्टराईले बैंकको कार्यालय कम्पाउण्डमा रहेको बैंकको साइनबोर्ड तथा हल भित्र राखिएको नेमप्लेट अनावरण पनि गर्नु भएको थियो ।




कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै अर्थमन्त्री वर्षमान पुनले मुलुकको सानो अर्थतन्त्रको आकारको तुलनामा वित्तीय पहुँचका नाममा खुलेका बैंक तथा वित्तीय संस्थाहरुको बढ्दो उपस्थितिले अस्वस्थ प्रतिस्पर्धा, अनुत्पादक क्षेत्रमा लगानी, बैंकहरु समस्याग्रस्त हुनु, आम निक्षेपकर्ता जोखिममा पर्नु, बैंक तथा वित्तीय संस्थाको शहरी क्षेत्रमा

मात्र उपस्थिति हुनु, पूर्वाधार, कृषि जस्ता क्षेत्रमा लगानी नहुनु, नियमन र निरीक्षण कमजोर हुनु जस्ता वित्तीय क्षेत्रका प्रमुख समस्यालाई सम्बोधन गर्न बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने सम्बन्धी नीति नेपाल सरकार र नेपाल राष्ट्र बैंकले लागू गरेको धारणा राख्नु भयो । आफ्नो मन्तव्यको क्रममा अर्थमन्त्री पुनले निजी क्षेत्रका बैंकहरुका साथै सरकारी बैंकहरुलाई पनि मर्जरमा लैजाने सरकारको तयारी रहेको जानकारी पनि सो अवसरमा दिनु भयो ।

कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्दै गभर्नर डा. युवराज खतिवडाले मर्जर बैंक तथा वित्तीय संस्थाहरुको आवश्यकता भएको धारणा राख्नु भयो । गभर्नर डा. खतिवडाले बैंक तथा वित्तीय संस्थाहरुको थप पूँजीको आवश्यकता पूरा गर्न, संस्थागत सुसाशन कायम गर्न तथा कार्यक्षेत्र विस्तार गर्न पनि मर्जर स्वतः स्फूर्तरुपमा अघि बढेको विचार व्यक्त गर्नु भयो । गभर्नर डा. खतिवडाले अर्थतन्त्रका परिसूचकहरु सकारात्मक रहेको बताउनु हुदै अर्थतन्त्र र वित्तीय क्षेत्रको विकासको लागि सरकारको निर्णय प्रक्रियामा द्रूतता आउनु पर्ने, पूर्वाधार क्षेत्रमा लगानी बढाउनु पर्ने, परम्परागत लगानीका क्षेत्रबाट नयाँ क्षेत्रमा जानु पर्ने, कृषि, उर्जा जस्ता क्षेत्रमा लगानी बढाउनु पर्ने, जलविद्युत आयोजनाको कार्यान्वयनमा तीब्रता दिनु पर्ने, दीर्घकालीन पूँजीको आवश्यकता पूरा गर्न Local Currency Bond जारी गर्नु पर्ने जस्ता विषयमा सरकारको ध्यान जानु पर्नेमा जोड दिनु भयो ।

कार्यक्रममा ग्लोवल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले स्वागत मन्तव्य व्यक्त गर्दै यस बैंकलाई आगामी केही समयभित्रै अति आधुनिक प्रविधियुक्त गरी पूर्वाधार परियोजनाहरुदेखि ग्रामीण क्षेत्रको साना व्यवसायीहरु एवं कृषि कर्जासम्म समेट्न सफल बैंकको रुपमा स्थापित गर्ने चाहना तथा रणनीति लिई अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

कार्यक्रमको अन्तमा सो बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले तीनवटा वित्तीय संस्थाहरुको मर्जरबाट बनेको ग्लोवल आइएमई बैंक लि. नमूनाको रुपमा अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्दै कर्पोरेट क्षेत्रमा लगाइएको करको दर बढी रहेकोले यसमा राज्यको तर्फबाट ठोस सहुलियत दिनु पर्ने धारणा राख्दै कर्जाको मागमा आएको संकुचनले बैंक तथा वित्तीय संस्थाहरुको आम्दानी कम हुने हुदा कर्जा लगानी बढाउन नेपाल राष्ट्र बैंकले मौद्रिक नीति मार्फत् सम्बोधन गर्नु पर्ने विचार व्यक्त गर्नु भयो ।

कार्यक्रममा नेपाल सरकारका उच्च पदस्थ पदाधिकारीहरु, नेपाल प्रहरीका प्रमुख तथा अन्य पदाधिकारीहरु, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरहरु, विभिन्न बैंक तथा वित्तीय संस्थाका प्रमुखहरु, उद्योगी व्यापारीहरु, पत्रकार तथा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

## FNCCI-गभर्नर भेट

यसै गरी असार २५ गते नै गभर्नर डा. खतिवडासँग नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष सुरज वैद्यको नेतृत्वमा आएको महासंघको प्रतिनिधिमण्डलले भेटी औद्योगिक क्षेत्रका समस्या अवगत गराउँदै सो क्षेत्रबाट बैंक तथा वित्तीय क्षेत्रमा चुक्ता गर्नुपर्ने सावाँ तथा व्याजको समयमा केही सहुलियत प्रदान गर्नका लागि अनुरोध गर्‍यो । राजनैतिक संक्रमणका कारण यस क्षेत्रमा ठूलो असर परेकाले सो क्षेत्रले असार मसान्त सम्ममा भुक्तानी गर्नुपर्ने

कर्जा तथा सोको व्याजको समय एक दुई महिनाका लागि भए पनि विस्तार गरिदिन महासंघले अनुरोध गरेको थियो ।

सो अवसरमा गभर्नर खतिवडाले वास्तविक क्षेत्रको अभिवृद्धि विना वित्तीय क्षेत्रको विकास हुन नसक्ने र भए पनि सो दिगो हुन नसक्ने भएकाले यस सम्बन्धमा गृहकार्य गरी उचित सम्बोधन गर्ने आश्वासन दिनुभएको थियो । उहाँले तरलताको अवस्था सुध्रिएसँगै आगामी दिनमा औद्योगिक क्षेत्रले थप सुविधा पाउन सक्ने आशा पनि व्यक्त गर्नुभयो ।

२०६९ असार २५ गते सोमबार

गभर्नरको कार्यालय